# शोध सारांश

प्रस्तुत शोधप्रबन्धको शीर्षक "प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन" रहेको छ। प्रदीप गुरुङ भारतीय नेपाली साहित्यका सुपरिचित आख्यानकार हुन्। उनका प्रकाशित चारवटा कथासङ्ग्रहहरू (**असुरक्षित, यस्तै अनि यस्तै, बिरिमफूल, वैरी माया**)-मा जम्मा पैंसट्ठीवटा कथाहरू र एउटा सूत्र उपन्यास (**पोस्टर र लात**)-मा जम्मा एकसय उनन्चालिसवटा सूत्र कथाहरू सङ्गृहीत छन्। उनका कृतिहरूले मानवीय समाजको घरातलीय विषयहरूलाई गम्भीरतापूर्वक प्रस्तुत गरेका हुनाले नै उनी उल्लेख्य सामाजिक आख्यानकारको रूपमा परिचित छन्। यसका अतिरिक्त उनका आख्यानहरूमा राजनैतिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, मनोवैज्ञानिक, नैतिक आदि परिवेशको विस्तार व्यापक छ। आजपर्यन्त भारतीय नेपाली आख्यानकारका रूपमा उनका आख्यानात्मक कृतिहरूले समेटेका विविध विषय केन्द्रित गहन र औपचारिक शोधकार्य भएको पाइँदैन। अतः प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन कार्यले यसको औचित्य र आधारभूत आवश्यकता पूर्ण गर्ने सम्भावना देखिन्छ।

भाषाको सर्वोत्तम अभिव्यक्ति साहित्यमा नै पाइन्छ भने साहित्य लेखनको मूल आधार समाज रहेको छ। समाजका विविध घटक र तत्त्वहरूलाई लिएर सामाजिक संरचनामाथि साहित्य सृजनकार्य आधारित हुन्छ। समाजका विविध पक्षहरूको दृश्य-अदृश्य, मूर्त-अमूर्त र अनेक पक्ष-पक्षान्तरको चित्रण गर्ने हुनाले साहित्यलाई सामाजिक गतिविधिहरूको विराट रङ्गशाला मान्न सकिन्छ। यस्ता बहुआयामी साहित्यका विभिन्न विधाहरूमध्ये आख्यान एउटा हो। 'आख्यान'को सामान्य अर्थ बयान, वर्णन वा वृत्तान्त हो। यस प्रकारका काल्पनिक, ऐतिहासिक अथवा साहित्यिक रचना (कथा, उपन्याल) लाई आख्यान भनिन्छ। आधुनिक साहित्यमा आख्यान भन्नाले माध्यमिककालको उतरार्द्धति

कथा र उपन्यास विधाको कलेवर छुट्टिएको साहित्यिक विधा बुझिन्छ। आख्यान संरचनाका लागि नभइ नहुने आवश्यक सामग्री अथवा उपकरणलाई नै आख्यानतत्त्व भनिएको छ र यिनै तत्त्वहरू आख्यान निर्माणका संगठनात्मक घटकहरू हुन्। विषयवस्तु आख्यानका प्रमुख तत्त्वहरूमध्ये एउटा हो। कुनै वर्णन, छलफल, अध्ययन, लेख-रचना आदिका लागि निश्चित गरिएको कुरालाई विषयवस्तु भनिएको छ। कथा, उपन्यास, कविता, लेख आदिमा चर्चा गरिएको मुख्य घटना नै विषयवस्तु हो। कृतिको सम्पूर्ण संरचना निर्माण हुने हुनाले विषयवस्तुलाई कृतिको अस्तित्व प्रदान गर्ने महत्त्वपूर्ण तत्त्व मानिन्छ। 'विषय' शव्दमा 'परक' परसर्ग लागेर विषयपरक पद निर्माण भएको छ। 'परक' शब्दले त्यससँग सम्बन्धित अथवा सम्बद्ध भन्ने अर्थ बुझाउने हुँदा विषयपरक भन्नाले विषयसम्बन्धित, विषयसँग सम्बद्ध भन्ने अर्थ बोध हुन्छ। अतः प्रस्तुत शोधप्रबन्धको आधार आख्यान र यसका सङ्गठनात्मक घटकहरूमध्ये विषयवस्तु प्रमुख रहेको छ। विषयवस्तु र सम्बन्धित अन्य उपकरणहरूका आधारमा प्रस्तुत शोधप्रबन्धको प्रस्तुतिगत विधि निगमनात्मक अनि पद्धति विश्लेषणात्मक रहेको छ।

अनुसन्धेय विषयबारे प्रारम्भदेखि सन् २०१९ सम्म प्रकाशित भएका प्रदीप गुरुङका आख्यानहरूमा पाइने विविध पक्ष-पक्षान्तरलाई विषयका सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ। यसै समयसीमासम्म भएका अध्ययनहरूलाई पूर्वकार्यको सर्वेक्षणमा समावेश गरी त्यसैका आधारमा यस शोधको समस्या निर्धारण गरिएको छ। यसभन्दा पूर्व उनका कथाहरू सम्बन्धी लेखिएका परिचयात्मक, समीक्षात्मक, समालोचनात्मक र विश्लेषणात्मक प्रबन्ध तथा स्नातकोत्तर र एम फिल तहका सङ्गोष्ठी एवम् लघु शोधप्रबन्धहरू लेखिएका छन्। अतः उक्त शोध विषयमा प्राज्ञिक स्तरमा कुनै पनि विश्वविद्यालयबाट पिएचडी तहको शोधकार्य सम्पन्न गरिएको

जानकारी पाइएको छैन।

प्रदीप गुरुङका आख्यानहरूमा अन्तर्निहित विविध विषयहरूको अध्ययन यस शोधकार्यको प्रमुख उद्देश्य हो। यस उद्देश्यलाई साकार तुल्याउन विभिन्न पथ अवलम्बन गरिएको छ। आधुनिक भारतीय नेपाली आख्यानहरूमा प्रयुक्त विषयपरक अघ्ययनको संक्षिप्त परिचय राख्नु, भारतीय नेपाली आख्यान लेखनमा प्रदीप गुरुङको स्थान, महत्त्व र उपलब्धिहरू केलाउनु, विविध विषय र पक्षका दृष्टिले प्रदीप गुरुङका आख्यानहरू अध्ययन गर्नु, भारतीय नेपाली साहित्यमा पहिलो सूत्र उपन्यासको रूपमा परिचित **पोस्टर र लात**को विषयपरक महत्त्व निर्धारण गर्नु, प्रदीप गुरुङका आख्यान साहित्यको विषयपरक अध्ययन अन्तर्गत दार्जिलिङ र तराइ-डुवर्स क्षेत्रमा बसोबास गर्ने नेपालीभाषी तथा नेपाली भाषेतर समाजमा अन्तर्जातीय सम्बन्ध, सांस्कृतिक सम्बन्ध र सम्पर्कको अध्ययन गर्नु यस शोधकार्यका समस्याहरू हुन्।

प्रस्तुत शोधकार्यका निम्ति सामग्री सङ्कलन अन्तर्गत पुस्तकालयीय र क्षेत्रकार्य विधि ग्रहण गरिएको छ। पुस्तकालयीय विधिमा उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय ग्रन्थागार, देवकोटा सङ्घको पुस्तकालय (सिलगढी), परिमल मित्र स्मृति महाविद्यालयको पुस्तकालय (माल), गोरुबथान ग्राणीण पुस्तकालय, गोर्खा जनपुस्तकालय (खरसाङ) तथा बिजनबारी टाउन लाइब्रेरीमा शोध विषयसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका, शोधपत्र, जीवनी. दैनन्दिनी आदिको अवलोकन गरेर आवश्यक सामग्री सङ्कलन गरिएको छ। क्षेत्रकार्यमा आख्यानकार प्रदीप गुरुङको बासस्थान कालेबुङ सहर र उनले अध्यापन गरेको युद्धवीर उच्चतर माध्यमिक विद्यालय (गोरुबथान)-का शिक्षक र शिक्षण कर्मीहरूसित तथा उत्तरे बस्तीका समीर राई 'शान्ति' र हायमनदास राई 'किरात'का परिवारसितको भेटघाट निकै फलप्रद रहेको छ। क्षेत्रकार्य विधिमा पूर्व निर्धारित प्रश्नहरू

तयार गरी प्रदीप गुरुङसित लिएको अन्तर्वार्ता पनि परिशिष्टमा राखिएको छ।

जम्मा २२९ पृष्ठ रहेको यस शोधप्रबन्धलाई मोठ पाँचवटा अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्यायमा 'शोधको परिचय', दोस्रो अध्यायमा 'आधुनिक भारतीय नेपाली आख्यानको विषयपरक परिचय', तेस्रो अध्यायमा 'आख्यानमा विषयपरक अध्ययनको अवधारणा र सिद्धान्त', चौथो अध्यायमा 'प्रदीप गुरुङका आख्यान-कृतिहरूको विषयपरक अध्ययन' अनि पाँचौं अध्यायमा 'उपसंहार र निष्कर्ष' राखिएको छ। समस्याका रूपमा उठान गरिएका विषयहरूबारे चर्चा अनि विश्लेषण दोस्रो, तेस्रो अनि चौथो अध्यायमा राखिएको छ।

पहिलो अध्यायमा शोधकार्यको परिचयबाट थालिएर समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको आवश्यकता, शोधविधि, क्षेत्रकार्य विधि आदि हुँदै शोधप्रबन्धको स्वरूपसम्म बाह्रवटा उपशीर्षक राखेर अध्ययन गरिएको छ।

दोस्रो अध्यायमा आधुनिक भारतीय नेपाली कथामा प्रयुक्त विषयपरक अध्ययन र आधुनिक भारतीय नेपाली उपन्यासमा प्रयुक्त विषयपरक अध्ययन गरी दुईवटा उपशीर्षक रहेका छन्। यस अध्ययन अन्तर्गत कथा साहित्यमा रूपनारायण सिंहको **कथानवरत्न** (१९५०)-देखि प्रदीप गुरुङको **वैरी माया** (२०१६)-सम्म र उपन्यास साहित्यमा रूपनारायण सिंहको **भ्रमर** (१९३६)-देखि प्रदीप गुरुङको सूत्र उपन्यास **पोस्टर र लात** (२०१०)-सम्म प्रकाशित भएका प्रमुख कृतिहरूमा पाइने प्रमुख विषयबारे सर्वेक्षण र विश्लेषण गरिएको छ।

यस शोधप्रबन्धको तेस्रो अध्यायमा आख्यानको स्वरूप अन्तर्गत कथा र उपन्यासको परिचय तथा यसका संरचनागत तत्त्वहरूको अध्ययन गरिएको छ। 'आख्यानमा विषयपरक वर्गीकरणका आधारहरू' उपशीर्षकमा आख्यान-कृतिहरूलाई अध्ययन गर्दा विषयवस्तुको रूपमा सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, आञ्चलिक, मनोवैज्ञानिक, प्रेम-प्रकरण, जातीय चेतना, पर्यावरण चेतना, भिन्न क्षमता, पौराणिक, दार्शनिक, जीवनीपरक, साहसिक, जासुसी, मिथकीय आदि विषयहरूका आधारमा वर्गीकरण गर्न सकिने सैद्धान्तिक मान्यताहरू प्रस्तुत गरिएको छ। विषयवस्तुलाई उद्देश्यका आधारमा वर्गीकरण गरिँदा घटनाप्रधान, चरित्रप्रधान, नाटकीय, चित्रात्मक वा मिश्रित आदि प्रकारहरू रहेको अनि विषयवस्तुलाई शैलीका आधारमा वर्गीकरण गर्ने क्रममा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, स्वैरकल्पनात्मक, व्यङ्ग्यात्मक, अकथा, अउपन्यास, चेतनप्रवाह, डायरीलेखन र सूत्रलेखन आदि प्रकारहरू रहेका पाइन्छन्। विषयवस्तुलाई आदर्शोन्मुख यथार्थवाद, स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, समाजवादी यथार्थवाद, प्रगतिवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रयोगवाद, प्रकृतवाद र नारीवादजस्ता प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ। 'विषयपरक सङ्गठन र व्यवस्थापन' उपशीर्षकमा विषयवस्तु र कथानकमाझ एकात्मता अनि विषयपरक संरचनामा सहयोग पुऱ्याउने अन्य उपकरणहरू पात्र, मनोभाव, भावस्थिति, परिस्थिति, कौतूहलता, वातावरण, गति र उद्देश्य आदि रहन सक्ने जानकारी राखिएको छ। विषयवस्तुका आधार र स्रोतहरूमा सामाजिक, मनोवैज्ञानिक, पुराण, इतिहास, स्वैरकल्पना, मिथक इत्यादि स्रोतका रूपमा रहन सक्ने जानकारी पनि गराइएको छ। विषयवस्तुका प्रकारहरूमा विन्यस्त कथावस्तु, शिथिल कथावस्तु, दुःखान्तक, सुखान्तक, रागात्मक, आधिकारिक, प्रासङ्गिक आदि विषयहरूको पनि यसै अध्यायमा चर्चा गरिएको छ।

शोधप्रबन्धको चौथो अध्याय शोधकार्यको मूल विषय हो। यसमा शोधनायक प्रदीप गुरुङको सामान्य परिचय राखी उनका विश्लेषणीय कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ। गुरुङका आख्यानहरूमा अन्तर्निहित विषयहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, ऐतिहासिक, आञ्चलिक, मनोवैज्ञानिक, प्रेम-प्रकरण, जातीय चेतना, पर्यावरण र भिन्न क्षमताजस्ता पक्षहरूको अध्ययन तथा विश्लेषण गर्ने कार्य भएको छ। गुरुङका आख्यानका विषयहरू अधिकतर समाज केन्द्रित रहेको हुँदा सामाजिक विषयहरूलाई नौवटा उपशीर्षकहरूमा विभाजन गरिएको छ। ती हुन्- 'सामाजिक कुकृत्य र उच्छृङ्खलता', 'असामाजिक तत्त्व र विदेशी संस्कृतिको प्रभाव', 'मानवीय आडम्बर तथा धुर्त्याइँ', 'सरकारी कर्मचारीहरूको कर्तव्य विमुखता र भ्रष्टचारी प्रवृत्ति', 'प्रतिनिधियुक्त आमा, भ्रूणजाँच र भ्रूणहत्या', 'दाम्पत्य सम्बन्धको सङ्कट', 'बालश्रमिक उत्पीडन', 'नारी समस्या' र 'शरणार्थी समस्या'। यसका अतिरिक्त गुरुङका कथाहरूमा सांस्कृतिक विषयहरूको फाँट पनि विस्तृत रहेको हुनाले यसलाई पनि आठ प्रकारहरूमा विभाजन गरिएको छ। ती हुन्- 'लोकजीवन', 'लोक संस्कृति', 'लौकिक आस्थामूलक', 'लोकव्यवहारमूलक' (भौतिक र धार्मिक), 'सामाजिक' (विवाह संस्कार र मृत्यु संस्कार), 'लोक भाषाको प्रयोग', 'सहरिया लोकजीवन' र 'अन्तर्जातीय संस्कृति'। यस आध्यायमा उनका आख्यानहरूमा रहेको प्रयोग वैशिष्टय, प्रस्तुति, घटना-प्रसङ्ग आदि उपकरणहरू पनि विषयपरक संरचना अनुरूप नै प्रस्तुत भएको हुँदा यी उपकरणहरू पनि सन्दर्भित रहेको जानकारी प्रस्तुत गरिएको छ।

यस शोधप्रबन्धको अन्तिम अर्थात् पाँचौं अध्यायमा 'उपसंहार र निष्कर्ष' रहेको छ। शोधकार्यमा गरिएका पाँचैवटा अध्यायहरूको छोटो विवरण राखी उपसंहारलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। गुरुङका आख्यानहरू विषयवस्तु र प्रयोगधर्मिताले

गर्दा नितान्त नवीन परिपाटिका बन्न सकेको हुँदा यसलाई पनि 'प्रस्तुतिगत ढाँचा' उपशीर्षक राखी विभिन्न बुँदाहरूमा केलाइएको छ। निष्कर्ष अन्तर्गत प्रदीप गुरुङका आख्यानहरूको अध्ययनबाट प्राप्त निष्कर्ष बुँदागत रूपमा राखिएको छ। पुछारमा भावी शोधकर्ताका निम्ति सुझाव तथा अनुसन्धानका अन्य सम्भाव्य विषयहरू तथा प्रमुख सन्दर्भ सामग्री सूची वर्णानुक्रममा राखिएको छ। शोधकर्ताले शोधनायक प्रदीप गुरुङसित लिएको अन्तर्वार्ता परिशिष्टका रूपमा समावेश गरिएको छ।